Surya 2081/6/14

# सामुदायिक ग्रामीण विद्युतीकरण वितरक संस्था संचालन तथा व्यवस्थापन कार्यविधि, २०८१

कार्यपालिकाबाट स्वीकृत मितिः- २०८१/०७/११

प्रस्तावनाः महाकुलुङ गाउँपालिकामा नेपाल विद्युत प्राधिकरणसँगको सम्झौता बमोजिम प्राप्त तथा अन्य माध्यमबाट प्राप्त विद्युत र विद्युत वितरण प्रणालीको महाकुलुङ गाउँपालिकाभित्र वितरण तथा व्यवस्थापन भरपर्दो र सहज बनाउन वितरक संस्थाको व्यवस्था गर्न कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको अनुसूची ८ र ९ मा भएको विद्युत सम्बन्धी अधिकारको दायरामा रही महाकुलुङ गाउँकार्यपालिकाले यो कार्यविधि बनाएको छ ।

## परिच्छेद १

### संक्षिप्त नाम र प्रारम्भ

१. (१) यस कार्यविधिको नाम "**सामुदायिक ग्रामीण विद्युतीकरंण वितरक संस्था संचालन कार्यविधि २०८१**" रहेको छ ।

(२) यस ऐनको प्रारम्भ नियमानुसार प्रमाणीकरण भएको दिनदेखि प्रारम्भ हुनेछ ।

२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) "गाउँपालिका" भन्नाले महाकुलुङ गाउँपालिका सम्झनुपर्छ ।

(ख) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले महाकुलुङ गाउँपालिकाको प्रशासनिक कर्मचारीहरुको प्रमुख वा त्यस्तो प्रमुख हुन तोकिएको अधिकृत सम्झनुपर्छ ।

(ग) "विद्युत" भन्नाले पानी, डिजेल, कोइला वा अन्य कुनै प्रविधिबाट उत्पादन गरिने विद्युत शक्ति सम्झनु पर्छ ।

(घ) "महसुल" भन्नाले समितिले विद्युत उपलब्ध गराए वापत ग्राहकबाट लिइने विद्युत महसुल सम्झनु पर्छ ।

(ङ) "ग्राहक" भन्नाले विद्युत उपभोग गर्ने व्यक्ति सम्झनु पर्छ ।

(च) "संस्था" भन्नाले दफा ३ अन्तर्गत गठन गरिएको महाकुलुङ गाउँपालिका भित्र विद्युत वितरण तथा व्यवस्थापन गर्न वितरक संस्थाको रुपमा कार्य गर्ने संस्था सम्झनुपर्छ ।

(छ) "अनाधिकार उपभोग" भन्नाले समितिको स्वीकृति नलिई विद्युत प्रणालीबाट विद्युत उपभोग गर्ने कार्य वा ग्राहकले विद्युत उपभोग गर्दा पालन गर्नु पर्ने शर्तको उल्लघंन हुने गरी विद्युत उपभोग गर्ने वा विद्युत चोर्ने कार्य सम्झनु पर्छ ।

(ज) "कार्यपालिका" भन्नाले महाकुलुङ गाउँ कार्यपालिका सम्झनुहुन्छ ।

(झ) "वितरक संस्था" भन्नाले सामुदायिक ग्रामीण क्षेत्रमा सामुदायिक रुपमा विद्युत वितरणको सेवा प्रदान गर्ने उद्देश्यले सामुदायिक ग्रामीण विद्युतीकरण विनियमावलीको विनियम ४ बमोजिम स्थापना भएको वितरक संस्थालाई समेत सम्झनु पर्छ ।

(ञ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको विनियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

(ट) "प्रवन्ध निर्देशक" भन्नाले समितिले कर्मचारी विनियमावली अनुसार छनौट गरेको प्रशासनिक प्रमुखको रुपमा नियुक्ति गरेको कर्मचारी सम्झनुपर्छ ।

## परिच्छेद — २

## स्थापना, पूँजी र व्यवस्थापन

३. संस्था स्थापनाः (१) महाकुलुङ गाउँपालिकाभित्र वितरण गरिने नेपाल विद्युत संस्था सँगको सम्झौता वमोजिम तथा प्राप्त हुने विद्युत वितरण प्रणाली तथा यस गाउँपालिकाभित्र वितरण गर्नको लागि सम्झौता वमोजिम प्राप्त हुने अन्य विद्युत वितरणलाई सक्षम, भरपर्दो, सर्वसुलभ तरिकाले गाउँपालिकाभित्र वितरण गर्ने, व्यवस्थापन गर्ने तथा विद्युत उपलब्ध गर्ने संस्थासँग सम्पूर्ण समन्वय गर्ने आधिकारिक कार्य गर्न महाकुलुङ गाउँपालिकाको मातहतमा संचालन हुने सामुदायिक ग्रामीण विद्युतीकरण वितरक संस्था को स्थापना गरिनेछ ।

(२) संस्थाको प्रधान कार्यालय महाकुलुङ गाउँपालिकामा रहनेछ ।

(३) संस्थाको कार्यालय प्रयोजनको निम्ति गाउँपालिकाले कार्यालय भवन वा कुनै स्थान उपलब्ध गराउन सक्नेछ ।

४. गाउँपालिका अन्तर्गतको संस्था हुनेः (१) संस्था गाउँपालिका अन्तर्गत रहेर संचालन हुने एक अविच्छिन्न उत्तराधिकारीवाला संगठित संस्था हुनेछ ।

(२) संस्थाको आफ्नो एउटा छुट्टै छाप हुनेछ ।

(३) संस्थाले गाउँपालिकाको पूर्व स्वीकृतीमा चल अचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न, बेचबिखन गर्न वा अन्य किसिमले बन्दोबस्त गर्न सक्नेछ ।

५. ऋण वा अनुदान लिनेः संस्थाले संघीय सरकार, प्रदेश सरकार तथा गाउँपालिकाबाट ऋण वा अनुदान रकम लिन र परिचालन गर्न सक्नेछ ।अन्य व्यक्ति संस्था वा गैर सरकारी निकायबाट ऋण वा अनुदान लिनको लागि गाउँपालिकाको पूर्व स्वीकृति लिनु पर्नेछ ।

६. सञ्चालक समितिको गठनः (१) संस्थाको सम्पूर्ण काम कारवाहीको सञ्चालन, रेखदेख र व्यवस्थापनको लागि एक सञ्चालक समिति देहाय वमोजिम गठन हुनेछ । सञ्चालक समितिले यो

कार्यविधि र यस कार्यविधि अन्तर्गत बनेको विनियम बमोजिम संस्थालाई भएका सबै अधिकारको प्रयोग र कर्तव्य पालन गर्नेछ :।

क) वडा अध्यक्षहरुमध्येबाट कार्यपालिकाको सिफारिसमा अध्यक्षले नियुक्ति गरेको एक जना — अध्यक्ष

ख) वडा अध्यक्षहरु सबै (४ जना) — सदस्य

ग) प्रमुख प्रशासकीय अधिकृत — पदेन सदस्य

घ) गाउँसभा सदस्यहरुमध्येबाट कार्यपालिकाले सिफारिस गरेको कम्तिमा २ जना महिला सहित ५ जना — सदस्य

ङ) विद्युत व्यवस्थापन क्षेत्रमा अनुभव प्राप्त वा सामाजिक क्षेत्रमा सक्रीय व्यक्तिहरुमध्ये कार्यपालिकाले सिफारिस गरेको २ जना — सदस्य

च) प्रमुख प्रशासकीय अधिकृतले तोकेको प्राविधिक कर्मचारी १ जना — पदेन सदस्य

छ) संस्थाको प्रवन्ध निर्देशक — सदस्य सचिव

(२) संचालक समितिमा पदेन सदस्य तथा सदस्य सचिव राय प्रदानकर्ताको रुपमा रहनेछन्, मताधिकार हुनेछैन । समितिका अध्यक्षले मत बराबर भएमा मात्र निर्णायक मत दिन पाउनेछ ।

(३) समितिका मनोनीत सदस्यहरुको कार्यावधी पाँच वर्षको हुनेछ ।गाउँपालिका पदाधिकारीको पदावधी समाप्त भएमा समितिको कार्यकाल पनि स्वतः समाप्त हुनेछ ।

तर गाउँपालिकाले आवश्यक परेमा त्यस्ता सदस्यहरुको पदावधि समाप्त हुनु अगावै तिनीहरुलाई हटाउन वा तिनीहरुको सट्टा अर्को व्यक्ति मनोनीत गर्न सक्नेछ ।

(४) एउटै व्यक्ति बढीमा लगातार दुई पटकसम्म सञ्चालकमा निर्वाचित हुन सक्नेछन् ।

(५) समितिका कुनै सदस्यको पद रिक्त भएमा जुन प्रकृयाबाट पदपूर्ति भएको हो सोहि प्रकृयाबाट पुन पदपूर्ति गरिनेछ ।

७. सञ्चालकको निमित्त अयोग्यताः देहायको कुनै व्यक्ति सञ्चालक हुन वा कायम रहन सक्दैनः—

(क) गाउँपालिका वाहिरको नागरिक,

तर पदेन सदस्य र सदस्य सचिव सम्बन्धमा यो खण्ड लागू हुनेछैन ।

(ख) ऋण तिर्न नसकी साहूको दामासाहीमा परेको,

(ग) बहुलाएको वा मानसिक सन्तुलन नभएको,

(घ) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसूरदार प्रमाणित भएको,

(ङ) संस्थासंग भएको कुनै ठेक्का पट्टामा प्रत्यक्ष वा अप्रत्यक्ष रुपले हिस्सेदार भएको ।

(च) अन्य सामाजिक संघसंस्थामा पदाधिकारी रहेको । तर अन्य संघसंस्थाको संचालक समितिको सदस्य मात्र भएको आधारमा प्रतिवन्ध हुने छैन ।

८. सञ्चालकलाई हटाउन सकिनेः (१) सञ्चालकलाई देहायको अवस्थामा हटाउन सकिनेछः—

(क) दफा ७ मा उल्लिखित कुनै अवस्था परेमा,

(ख) कार्यपालिकाको बैठकले निर्णय गरी पदबाट हटाएमा,

(ग) कुनै मुनासिब कारण तथा समितिको अनुमति बिना समितिको बैठकमा लगातार तीन पटकभन्दा बढी अनुपस्थित भएमा,

(घ) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसूरदार प्रमाणित भएमा,

(२) देहायका अवस्थामा सञ्चालकहरु समितिबाट स्वतः हट्नेछन्ः—

(क) सदस्यबाट दिएको राजीनामा स्वीकृत भएमा,

(ख) मृत्यु भएमा ।

९. सञ्चालकको रिक्त स्थानको पूर्तिः (१) मृत्यु, राजीनामा वा अन्य कुनै कारणबाट कुनै सञ्चालकको पद रिक्त हुन आएमा कार्यपालिकाको सिफारिसमा साविकवालाको बाँकी अवधिसम्म मात्र सो स्थानमा पूर्ति गरिनेछ ।

१०. काम कारवाही बदर नहुनेः समितिको गठनमा कुनै त्रुटी भई वा कुनै सञ्चालकको स्थान रिक्त भई समितिमा कुनै काम कारवाही भएको भएपनि सोही कारणले मात्र त्यस्तो काम कारवाही बदर हुनेछैन ।

११. सञ्चालकको पारिश्रमिकः (१) सञ्चालक समितिका सदस्यले संस्थाबाट बैठक भत्ता तथा भ्रमण भत्ता वाहेक कुनै पारिश्रमिक तथा सुविधा लिन पाउने छैन ।

तर सदस्य सचिवको हकमा यो व्यवस्था लागू हुने छैन ।

(२) पदाधिकारीको बैठक भत्ता र भ्रमण भत्ता दर देहाय वमोजिम हुनेछ ।

क) अध्यक्ष र उपाध्यक्ष तथा सदस्यहरुलाई गाउँपालिकामा कायम रहेको पदाधिकार वमोजिम

ख) पदेन सदस्यलाई गाउँपालिका कार्यालयमा कायम रहेको पदाधिकार वमोजिम

ग) सदस्य सचिवलाई गाउँपालिकामा कायम रहेको प्रमुख प्रशासकीय अधिकृतको दरवन्दीमा रहेको पद वमोजिम

घ) अन्य सदस्यलाई गाउँसभा सदस्यलाई गाउँपालिकामा कायम भए वमोजिम

१२. समितिको बैठकः (१) समितिको बैठक तोकिएको मिति, समय र स्थानमा बस्नेछ ।

(२) पचास प्रतिशतभन्दा बढी सञ्चालकहरु उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(३) समितिको बैठकको अध्यक्षता समितिको अध्यक्षले वा निजको अनुपस्थितिमा उपाध्यक्षले गर्नेछ।

(४) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने सञ्चालकले निर्णयात्मक मत दिनेछ ।

(५) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि तोकिएबमोजिम हुनेछ ।

१३. प्रबन्ध निर्देशक, सल्लाहकार र अन्य कर्मचारीः (१) संस्थाको कार्य सञ्चालनको निमित्त मुख्य प्रशासकीय अधिकृतको रुपमा समितिले एकजना प्रवन्ध निर्देशक र आवश्यकता अनुसार सल्लाहकार र संस्थाको कर्मचारी विनियमावली वमोजिमका कर्मचारीहरु नियुक्ति गर्न सक्नेछ ।

(२) संस्थाको प्रबन्ध निर्देशक, सल्लाहकार र अन्य कर्मचारीहरुको पारिश्रमिक सेवाको अन्य शर्त तथा सुविधा कर्मचारी विनियमावलीमा तोकिए बमोजिम हुनेछ ।

१४.प्रबन्ध निर्देशक उपर प्रतिबन्धः संस्थाको कुनै प्रबन्धकले संस्थासंग हुने कुनै ठेक्कापट्टामा प्रत्यक्ष वा अप्रत्यक्ष रुपले हिस्सेदार हुन सक्नेछैन ।

## परिच्छेद — ३

## संस्थाको काम, कर्तव्य र अधिकार

१५. संस्थाको काम र कर्तव्यः संस्थाको काम र कर्तव्य देहाय बमोजिम हुनेछः—

क) लिखित सम्झौता वमोजिम नेपाल विद्युत प्राधिकरण तथा अन्य कुनै माध्यमबाट प्राप्त हुने विद्युतलाई विद्युत नियमानुसार गाउँपालिकामा प्राप्त गर्ने, वितरण गर्ने, शुल्क संकलन गर्ने तथा व्यवस्थापनका सम्पूर्ण कार्य वितरक संस्थाका रुपमा गर्ने ।

ख) गाउँपालिकामा विद्युत वितरण प्रणाली तथा तत्सम्बन्धी अन्य कार्यको योजना तर्जुमा गर्ने र तर्जुमा भएको योजनाको कार्यान्वयन गर्ने, प्रसारण र वितरण लाईन तथा तत्सम्बन्धी सुविधाहरुको निर्माण, सञ्चालन, संरक्षण र सम्बर्द्धन गर्ने,

ग) विद्युत महसुल बाहेक ग्राहकबाट मिटर जडान, मिटर ठाउँसारी, नामसारी, क्षमता वृद्धि लगायतका सेवा शुल्क निर्धारण गर्ने,

घ) विद्युत वितरण सम्बन्धमा दक्ष जनशक्ति तयार गर्न उच्च तालिम तथा अध्ययनको प्रवन्ध गर्ने गराउने,

ङ) गाउँपालिकाको सिफारिसमा "क" वर्गको वाणिज्य बैंकमा संस्थाको आर्थिक कारोवारको लागि बैंक खाता संचालन गर्ने ।

च) संस्थाको उद्देश्य पूर्तिको लागि आवश्यक अन्य कामहरु गर्ने गराउने ।

१६. संस्थाको अधिकारः (१) संस्थाको अधिकार देहाय बमोजिम हुनेछः—

क) नेपाल विद्युत प्राधिकरण तथा अन्य स्थानीय विद्युत उत्पादक कम्पनीबाट विद्युत प्राप्त गरी गाउँपालिकामा वितरण गर्ने । नेपाल विद्युत प्राधिकरण तथा विद्युत प्रदायक संस्थालाई विद्युत उपभोग वापतको महशुल भुक्तानी गर्ने ।

ख) नेपाल सरकार, प्रदेश सरकार, स्थानीय सरकारबाट सशर्त अनुदान स्वीकार गर्ने, परिचालन गर्ने ।

ग) ग्राहकबाट विद्युत महसुल र सेवा शुल्क उठाउने,

घ) स्थानीय स्तरमा संचालित लघु जलविद्युत आयोजनाहरु आवश्यकता अनुसार संचालनको जिम्मेवारी लिने ।

ङ) संस्थाको कोषमा रहेको रकम लगानी गर्ने,

च) संस्थाले वितरण गरेको विद्युतको अनाधिकार उपभोग नियन्त्रण गर्ने,

छ) गाउँपालिकाको पूर्व स्वीकृती लिई कुनै संघ, संस्था, सरकार तथा व्यक्तिबाट अनुदान स्वीकार गर्ने तथा ऋण लिन सक्ने ।

ज) आफ्नो काम र कर्तव्य पूरा गर्नको लागि अपरिहार्य र आवश्यक सबै काम गर्ने ।

१७. अरुको घर जग्गामा प्रवेश गर्नेः संस्थाले अधिकृत गरेको व्यक्तिले संस्थाको कामको सिलसिलामा अरुको घर जग्गामा प्रवेश गर्नु आवश्यक परेमा तत्काल त्यस्तो घर वा जग्गा प्रयोग गरिरहेका व्यक्तिलाई पूर्व सूचना दिएर प्रवेश गर्न सक्नेछ ।

तर विद्युतको दुरुपयोग वा चोरी भईरहेको शंका गर्नुपर्ने मनासिब कारण भएमा वा कुनै दुर्घटनालाई बचाउ वा जरुरी मर्मत कार्य गर्नु परेमा पूर्व सूचना दिनु पर्नेछैन ।

१८. विद्युत लाइन काट्न सकिनेः (१) कुनै ग्राहकले संस्थालाई बुझाउनु पर्ने महसुल जरीवाना, क्षतिपूर्ति, अतिरिक्त शुल्क, अन्य शुल्क तथा तिर्न बुझाउनु पर्ने अन्य रकम तोकिएको समयभित्र नबुझाएमा वा विद्युतको अनाधिकार प्रयोग गरेमा संस्थाले त्यस्तो ग्राहकलाई दिइराखेको विद्युत लाइन काट्न सक्नेछ ।

१९. क्षतिपूर्ति, अतिरिक्त महसुल तथा जरिवाना लिन सकिनेः ग्राहक वा अन्य कसैले विद्युतको अनाधिकार उपभोग गरेमा वा ग्राहकले निर्धारित समयभित्र विद्युत महशूल नतिरेमा संस्थाले त्यस्तो ग्राहक वा विद्युतको अनाधिकार उपभोग गर्नेसंग तोकिए बमोजिमको जरिवाना, क्षतीपूर्ति तथा अतिरिक्त महशूल लिन सक्नेछ ।

२०. सम्पत्ति बेचबिखन गर्न नपाउनेः संस्थाले गाउँपालिकाको पूर्वस्वीकृति नलिई कुनै अचल सम्पत्ति र एक लाखभन्दा बढी मूल्यको कुनै चल सम्पत्ति कसैलाई बेचबिखन गर्न वा अन्य किसिमले हस्तान्तरण वा नामसारी गरी दिन पाउने छैन ।

२१. वार्षिक प्रतिवेदनः संस्थाले प्रत्येक वर्ष लेखा परीक्षण समाप्त भएपछि लेखा परीक्षकको प्रतिवेदन सहित सम्पूर्ण विवरण गाउँपालिका समक्ष वार्षिक प्रतिवेदन पेश गर्नु पर्नेछ ।

२२. अधिकार प्रत्यायोजनः संस्थाले आफ्नो कुनै अधिकार समितिको अध्यक्ष, सञ्चालक वा सदस्य वा उप–समिति, प्रवन्ध निर्देशक वा अन्य कुनै कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ।

## परिच्छेद — ४

## साधारण सभा, कोष र लेखा परीक्षण

२३. साधारण सभाः (१) संस्थाको बार्षिक साधारण सभा आर्थिक वर्ष समाप्त भएको ३ महिनाभित्र गर्नेछ ।

२४. संस्थाको कोषः (१) संस्थाको आफ्नो एउटा छुट्टै कोष हुनेछ । संस्थाको पूँजी ऋण र अनुदान लगायत सबै रकम सो कोषमा जम्मा गरिनेछ ।

(२) संस्थाको सम्पूर्ण खर्च कोषबाट व्यहोरिनेछ ।

(३) संस्थाको कोषको सञ्चालन अध्यक्ष र प्रबन्ध निर्देशकको संयुक्त हस्ताक्षरबाट हुनेछ । अन्य आर्थिक प्रशासन तोकिएबमोजिम हुनेछ ।

२५. लेखा र लेखापरीक्षणः (१) संस्थाको लेखा महालेखा परीक्षकबाट स्वीकृत ढाँचा र तरीका बमोजिम राखिनेछ ।

(२) संस्थाको लेखाको लेखापरीक्षण साधारण सभाको व्यवस्था नभएसम्म महालेखा परीक्षक वा निजले तोकेको लेखापरीक्षकद्वारा र साधारण सभाको व्यवस्था भएपछि साधारण सभाले तोकेको लेखापरीक्षकद्वारा हुनेछ ।

## परिच्छेद — ६

## विविध

२६. स्थानीय कर नलाग्नेः संस्थाको कारोबारमा कुनै किसिमको स्थानीय कर लाग्ने छैन ।

२७. सरकारी बाँकी सरह असुल उपर गर्न सकिनेः संस्थाले कानुन बमोजिम ग्राहक वा अन्य कुनै व्यक्तिसित लिनु पर्ने महसुल, जरिवाना, क्षतिपूर्ति, अतिरिक्त शुल्क सरकारी बाँकी सरह असुल उपर गरी लिन सक्नेछ ।

२८. ईमान्दारी र गोपनीयताको शपथ ग्रहण गर्नेः संस्थाको प्रत्येक सञ्चालक वा सदस्य, लेखापरीक्षक, प्रबन्धक र अन्य पदाधिकारी तथा कर्मचारीहरुले आफ्नो कार्यभार सम्हाल्नु अघि अनुसूचीमा उल्लेख भए बमोजिम गोपनीयताको शपथ ग्रहण गर्नु पर्नेछ ।

२९. संस्था विघटन गर्नेः (१) गाउँपालिकाले व्यवस्थापन पक्षको कमजोरीको कारण वितरक संस्थाको रुपमा कार्य गर्न नसकेको ठहर गरेमा संस्था विघटन गरी आँफैले व्यवस्थापनको जिम्मेवारी लिन सक्ने वा नेपाल विद्युत प्राधिकरणलाई संचालनको लागि अनुरोध गर्न सक्नेछ ।

३०. विनियम बनाउने अधिकारः संस्थाको कार्य सञ्चालनको लागि यो कार्यविधिको विपरित नहुने गरी संस्थाले आवश्यक विनियमहरु बनाउन सक्नेछ ।

तर संस्थाको कर्मचारी विनियमावली गाउँपालिकाले बनाउनेछ ।

३१. खारेजी र बचाउः (१) यस कार्यविधिमा गरिएका व्यवस्थाहरु संघीय कानून तथा सम्बन्धित प्रदेश कानूनसँग बाझिएमा बाझिएको हदसम्म बदर हुनेछ ।

(२) यस कार्यविधिको संशोधन तथा खारेजीको अधिकार गाउँपालिकाको कार्यपालिकालाई हुनेछ।

अनुसूची

(दफा २८ संग सम्बन्धित)

इमान्दारी र गोपनीयताको प्रतिज्ञा

म.................................................प्रतिज्ञा गर्दछु कि संस्थाको सञ्चालक वा सदस्य वा लेखापरीक्षक वा पदाधिकारी वा कर्मचारीको हैसियतबाट वा संस्थामा आफ्नो ओहदा सम्बन्धीको काम कुरामा आफ्नो योग्यता र क्षमताले भ्याएसम्म परिआएको कर्तव्यको पालना ईमानदारीपूर्वक र सत्यनिष्ठाले गर्नेछु ।

म पुनः प्रतिज्ञा गर्छु कि कुनै अनधिकृत व्यक्तिलाई संस्था सम्बन्धी कुनै गोप्य सूचना प्रकाश गर्न वा गर्न लगाउन वा कसैलाई संस्थाको अधिनमा रहेको र संस्था सम्बन्धी कुनै किताब वा कागजपत्र कुनै त्यस्तो व्यक्तिलाई निरीक्षण वा ग्रहण गर्न दिने छैन ।

हस्ताक्षरः

नामः

मितिः

आज्ञाले,

खरिधन राई

निमित्त प्रमुख प्रशासकीय अधिकृत